संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-१२

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०४:०० बजे*
*बैठक स्थगित : ०४:०४ बजे*

२०८० जेठ २२ गते, सोमवार

---

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको बाह्रौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०४:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले कार्यसुचीको क्रमसङ्ख्या १, २, ३ र ४ को विषयलाई कार्यसुचीबाट हटाएको ब्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि संविधान सभा सदस्य श्याम सुन्दर टिवडेवालको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयोः

"वि.सं. २००० सालमा जन्मनु भएका संविधान सभा सदस्य श्याम सुन्दर टिवडेवालको हेम्स अस्पताल, धुम्बाराहीमा उपचारको क्रममा मिति २०७९ साल चैत २२ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय टिवडेवाल २०७० सालको संविधान सभामा समानुपातिक निर्वाचन प्रणालीबाट राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको तर्फबाट सदस्य हुनुहुन्थ्यो।

यो बैठक टिवडेवालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन सभा समक्ष अनुरोध गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सभाले संविधान सभा सदस्य श्याम सुन्दर टिवडेवालको निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल जेठ २३ गते मङ्गलवार विहान ११ बजेर ११ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. सुरेन्द्र अर्याल)

राष्ट्रिय सभा सचिव